नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १८१ २०८१ साल फागुन ३ गते शनिबार (15 Feb. 2025 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : श्रमिक महिलाको पीरः ... ३ पृष्ठमा : 'नेपाल पर्वतीय देश ... ३ पृष्ठमा : एडिडासलाई १५ हजार डलर ...

# प्रजातन्त्र दिवस मनाउन बोलाईएको छलफल बैठकमा ९ जनाको मात्र उपस्थिति



**दैनिक समाचारदाता**
**राजविराज, ०२ फागुन ।**

२००७ सालमा फागुन ७ गते प्रजातन्त्रको घोषणापछि प्रत्येक बर्ष नेपालमा प्रजातन्त्र दिवस मनाईदै आईएको छ। देशमा संघीय लोकतान्त्रिक गणतन्त्र सहितको संविधान २०७२ साल असोज ३ मा जारि भएपछि अझै यसको महत्व बढ्दै गएको हो।

नयाँ संविधान आएपछि प्रत्येक बर्ष विभिन्न कार्यक्रम गरि मनाईदै आईएको छ। तर, यसबर्ष भने प्रजातन्त्र दिवसको तयारी बैठकमा शुक्रबार मात्र ९ जनाको झिनो उपस्थिति देखियो।

प्रजातन्त्र दिवस मनाउने तयारीका लागि जिल्ला समन्वय समिति सप्तरीको सभाकक्षमा बोलाईएको छलफल बैठकमा १८ वटा पालिका मध्ये दुई वटा पालिकाका अध्यक्ष तथा एक राजनीतिक दलका प्रतिनिधि गरी कूल ९ जनाको मात्रै उपस्थिति भयो।

तीन दिन सम्म हर्षौउल्लासका साथ प्रजातन्त्र दिवस मनाउने उद्देश्य राखेर बोलाईएको छलफल बैठकमा सहभागी हुन जिल्ला समन्वय समितिले दुई दिन अघि नै सबै सरोकारबालालाई पत्राचार गर्दै फोन मार्फत समेत सहभागि हुन अनुरोध गरेको थियो। तर, बैठकमा रुपनी गाउँपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिका बाहेक अन्य कुनै पनि पालिकाका जनप्रतिनिधि नआएपछि निराश देखिएका जिल्ला समन्वय समितिका प्रमुख शिवनाराण साहले जानकारी दिए।

उनका अनुसार राजनीतिक दलका तर्फबाट नेकपा एमालेका सचिव देवनाथ यादव बाहेक अन्य कुनै दलबाट प्रतिनिधि आएनन्।

बैठकमा जिल्ला समन्वय समितिका प्रमुख साह, उपप्रमुख शम्भु यादव, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडा, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव, अग्निसाइर कृष्णासवरन गाउँपालिका अध्यक्ष दिनानाथ चौधरी, नेकपा एमालेका सचिव देवनाथ यादव, जिल्ला समन्वय अधिकारी कुन्दन कर्ण र विष्णुपुर गाउँपालिकाका अधिकृत गंगाराम साह गरि ९ जनाको मात्रै सहभागिता थियो।

प्रजातन्त्रका लागि लडेका राजनीतिक दल तथा जनप्रतिनिधि नै प्रजातन्त्र दिवस मनाउने जस्तो महत्वपूर्ण छलफलमा उपस्थित नहुनु आश्चर्यको विषय भएको प्रमुख जिल्ला अधिकारी दहालले बताए।

जिल्ला समन्वय समितका प्रमुख साहले लोकतन्त्रका लागि पटक पटक लडेका राजनीतिक दलहरुको प्रजातन्त्र दिवस जस्तो गहन विषयमा उदासिन रहनु उदेक लाग्दो रहेको बताए।

जिल्ला समन्वय अधिकारी कुन्दन कर्णले प्रजातन्त्र दिवस औपचारिक सरकारी कार्यक्रम मात्र नभएर आम जनताको उत्सव भएको बताउँदै यस्तो उत्सव मनाउन तयारीका लागि बोलाईएको छलफल र बैठकमा सहभागिता अत्यन्त न्यून हुनु दुखद र चिन्ताको विषय भएको बताए।

एक घण्टाको पर्खाइ पछि पनि आमन्त्रित व्यक्तित्वहरुको

***बाँकी तीन पृष्ठमा***

# पत्नीको हत्याका आरोपी सहित ७ जना फरार प्रतिवादी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ०२ फागुन ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले आफ्नै पत्नीको हत्या गर्नेदेखि विभिन्न मुद्दामा फरार आधा दर्जन भन्दा बढी प्रतिवादीलाई पक्राउ गरेको छ। प्रहरीले फागुन १ देखी फागुन २ गते सम्म दुईदिनको समयावधिमा जिल्ला प्रहरी कार्यालय तथा मातहतका कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो।

यसैगरि अदालतबाट विभिन्न मृदामा फैसला भई कैद तथा जरिवाना भूक्तान बाँकी रहेका ५ र अनुसन्धनका क्रममा फरार भएका २ जना गरी ७ जना प्रतिवादीलाई पक्राउ गरिएको छ।

जिल्ला प्रहरीले शुक्रवार सार्वजनिक गरेको विवरण अनुसार पक्राउ पर्नेमा लुटपीट र कुटपीट तथा सार्वजनिक अपराधका २/२ जना छन।

लुटपीट र कुटपीट मुदाका फरार प्रतिवादी रहेका शम्भुनाथ नगरपालिका ३ का अवधलाल चौधरी र ध्रूव नारायण चौधरी र केही सार्वजनिक अपराध मुद्दाका फरार प्रतिवादी राजविराज नगरपालिका ६ का मो.छोटु भन्ने इम्तियाज मिया र अन्वारुल मियाँ रहेको प्रहरीले जनाएको छ।

यस्तै बैङ्गिग कसुर मुदाका फरार प्रतिवादी राजविराज नगरपालिका १३ का रमेश प्रसाद साह पनि पक्राउ परेका छन। यसै गरी अनुसन्धान कै क्रममा फरार भएका सवारी अंगभंग मुदाका सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका ४ निवासी विश्वनाथ अमात र श्रीमती हत्याका आरोपीत शम्भुनाथ नगरपालिका २ का संतोष साह पनि पक्राउ परेको प्रहरीले जनाएको छ।

***बाँकी तीन पृष्ठमा***

# नेपाल विधार्थी संघको ईकाइ समिति गठन



**दैनिक समाचारदाता**
**राजविराज, ०२ फागुन ।**

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजमा शुक्रबार नेपाली विद्यार्थी संघको इकाइ समिति गठन गरिएको छ।

नेपाली कांग्रेसको भातृसंस्थाको रुपमा रहेको नेपाल विद्यार्थी संघले सन्तोष मंडलको नेतृत्वमा २७ सदस्यीय क्याम्पस इकाई समिति गठन गरेको हो।

संघका जिल्ला अध्यक्ष राकेश ठाकुरको अध्यक्षमा गठित समितिको सदस्यहरुमा क्रमश करिसमा यादव, रविना यादव, असमि पासवान, मो. अयाम सेख ,पंकज ठाकुर ,पिंकी यादव रहेका छन्।

यसैगरि कल्पना यादव, रितु यादव, अंकिता झा,सन्तोषी साह, ओमबाबू साह, प्रिया दास, प्रिंयका यादव, बबिता कुमारी साह, रविना सरदार, सालनी ठाकुर, शिवानी चौधरी, प्रियका पंडित, साक्षी झा, प्रिती यादव लाई चयन गरिएको जिल्ला अध्यक्ष ठाकुरले जानकारी दिए।

इकाइ गठन कार्यक्रका प्रमुख अतिथि प्रमुख अतिथि नेवि संघका पुर्व सहमहामन्त्री ईरसाद अन्सारी विशिष्ट अतिथि नेपाली कांग्रेस सप्तरीका प्रवक्ता नन्दकिशोर यादव, तरुण दलका जिल्ला अध्यक्ष अर्जुन यादव, नेवि संघका उपसभापति नितिश यादव केन्द्रीय सदस्य तिर्थनारायण.दास, स्ववियु प्रत्यासी महेश कुमार यादव, जिल्ला सदस्य नवीन यादव, विशाल साह, कविन्द्र मेहता, धिरज यादव, तरुण दल सदस्य रविन्द्र यादव, रोशन देव लगायतको उपस्थिति रहेको थियो।

यसैबीच विभिन्न संगठन परित्याग गरि विद्यार्थीहरु नेवि संघमा प्रवेश गरेको र उनीहरुलाई प्रमुख अतिथि सहितकाले टिका लागि स्वागत गरेको नेवि संघ सप्तरीले जनाएको छ।

## प्रजातन्त्रका मुलभूत मान्यता

- जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
- मौलिक हक र मानव अधिकार,
- आवधिक निर्वाचन,
- बालिग मताधिकार,
- नागरिक स्वतन्त्रता,
- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
- कानूनी राज्यको अवधारणा,
- पूर्ण प्रेस स्वतन्त्रता,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# श्रमिक महिलाको पीर: आमा बन्ने कि जागिर रोज्ने ?

*अमृता अनमोल*

काठमाडौँ, २ फागुन (रासस)।

अर्घाखाँचीकी सङ्गीता थापा बुटवलको अमरपथस्थित ब्युटी कलेक्सनमा काम गर्नुहुन्थ्यो। लेखा र व्यवस्थापकको दोहोरो जिम्मेवारी थियो। बिहान ९ देखि साँझ ६ बजेसम्म काम गर्नुपर्थ्यो। तलब, सुविधा र काम गर्ने वातावरण राम्रै थियो। यही कारण १० वर्षअघि देखि अर्थात् कक्षा १२ पढ्दादेखि काम थालेकी उहाँ डिग्री उत्तीर्ण गर्दासम्म त्यहीँ अडिनुभयो। तर, जब सङ्गीता गर्भवती हुनुभयो, काम रोकियो। गर्भवती भएदेखि नै कार्यालयमा उहाँप्रतिको व्यवहार फेरिएको थियो। कहिलेदेखि बिदामा बस्ने भनेर सोधिरहन्थे। गर्भ सात महिना पुग्दै गर्दा कम्पनीले बिदामा बस्न दबाब नै दियो। सङ्गीता अमिलो मन बनाउँदै बिदामा बस्नुभयो। सुत्केरीबाट तङ्ग्रेपछि काममा फर्कने मन थियो तर पद खाली छैन भनेर राखिएन। उहाँ वर्षौंदेखि काम गरेको संस्थाबाट खाली हात फर्कनुभयो। सङ्गीता भन्नुहुन्छ, “आमा बन्दा जागिर गुम्यो। सानी नानी छन् भनेपछि नयाँ संस्थामा पनि काम नपाइने रहेछ।”

नेपालको कानुनले सुत्केरी आमालाई ९८ दिन तलबी बिदाको व्यवस्था गरेको छ। तर, धेरै निजी तथा सामुदायिक संस्थाले अहिले पनि श्रमिक महिलालाई सुत्केरी बिदा दिँदैनन्। बरु बिदा दिनुपर्छ भन्ने डरले गर्भवती भएको थाहा पाएपछि नै कामबाट निकाल्छन्। यसको परिणाम आमा बन्दा जागिर गुमाउने महिला श्रमिक धेरै छन्। कामबाटै निकालिने भएपछि जागिर रोज्ने कि आमा बन्ने ? यस प्रश्नले धेरै कामकाजी महिला तनावमा हुन्छन्। श्रमिक महिला आमा बनेकै कारण रोजगारीबाट बाहिरिने घटनाप्रति सरकारी ध्यान भने पुगेको छैन। न त, श्रम कार्यालयले अनुगमन गरेको भेटिन्छ, न स्थानीय, प्रदेश र सङ्घीय सरकारले नै वास्ता गरेको छ। कानुन बनाउने र कार्यान्वयन गर्ने दुवै निकाय मौन छन्। यसले सुत्केरी बिदा सरकारी कार्यालयका कर्मचारीलाई मात्रै हो भन्ने भाष्य निर्माण भएको छ। निजी संस्थाहरू आफ्नो जिम्मेवारीबाट पन्छिइरहेका छन्।

केही निजी एवं सामुदायिक संस्थाले सुत्केरी बिदा दिन्छन्। तर श्रमिक सुत्केरी भएपछि शिशुको स्याहारका लागि कुनै सुविधा दिँदैनन्। न त, कार्यालयमा शिशु राख्ने व्यवस्था हुन्छ, न शिशुलाई दूध चुसाउने समय र स्थान छुट्याएका हुन्छन्। आठ घण्टा श्रम गर्ने महिलाले शिशुलाई त्यति लामो समय दूध नचुसाई काममा खटिन सक्दैनन्। त्यसपछि बाध्य भएर आमा बनेका श्रमिक जागिर छोड्न पुग्छन्। नयाँमा मात्र होइन वर्षौंदेखि काम गरेका संस्थामा पनि श्रमिक महिलाको समस्या यस्तै छ। यो समस्या श्रमिकको ठानिँदैन। कानुनको उपहास भएको पनि मानिँदैन। एउटी महिलाको मात्र समस्या ठानिन्छ। यसैले आमा बनेकै कारण श्रमिक महिला कामबाट बाहिरिँदा पनि उसका लागि बोलिदिने र पैरवी गरिदिने कोही भेटिँदैन। श्रमिककै हितका लागि खोलिएका सङ्घसंस्था पनि यसबारेमा मौन बसेका छन्।

नेपालको संविधानले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको विषयलाई सुविधा होइन, महिलाको अधिकारका रूपमा परिभाषित गरेको छ। संविधानको धारा, ३८(२) मा ‘प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक हुनेछ’ भनिएको छ। यसको जगमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ बनेको छ। प्रजनन स्वास्थ्य अधिकार ऐनको १३ नम्बर बुँदामा प्रसूति बिदाको व्यवस्था छ। ऐनले श्रमिक महिलाका लागि तलबी सुत्केरी बिदा र शिशु हेरचाहको समेत अधिकार दिएको छ। त्यसमा भनिएको छ, ‘सरकारी, गैरसरकारी वा निजी सङ्घसंस्थामा कार्यरत महिलालाई सुत्केरी हुनुभन्दा अघि वा पछि कम्तीमा ९८ दिनको तलबसहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ।’ यसर्थ सुत्केरी बिदा सरकारी कार्यालयका कर्मचारीलाई मात्र होइन। श्रमिक राख्ने निजी र गैरसरकारी संस्थाका लागि पनि हो। सुत्केरी बिदा पाउनु कुनै श्रमिक महिलाको सुविधा मात्र होइन, अधिकार पनि हो। यसर्थ, सुत्केरी बिदाको अधिकारको व्याख्या हुन जरुरी छ। निजी संस्थाले किन सुत्केरी बिदा कार्यान्वयन गर्दैनन्। अनुगमन हुन जरुरी छ।

प्रजनन स्वास्थ्य अधिकार ऐनले श्रमिक महिलालाई गर्भवती वा सुत्केरी अवस्थामा हुनसक्ने जटिलताबारे पनि सम्बोधन गरेको छ। सबै श्रमिक महिलालाई ९८ दिन बिदा पर्याप्त नहुन सक्छ। गर्भवती वा सुत्केरी अवस्थामा जटिलता देखिन सक्छन्। यस्तो अवस्थामा पनि उनीहरूको श्रम नखोसिने व्यवस्था सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनमा छ। ऐनमा उल्लेख छ, ‘प्रजनन गर्भवती वा सुत्केरी महिलालाई उक्त बिदा अपुग हुने भएमा विज्ञ चिकित्सकको सिफारिसमा बढीमा एक वर्षसम्मको बेतलबी बिदाको अधिकार हुनेछ।’ सुत्केरी वा गर्भवती समयमा जटिलता भएर सुविधा लिने निजी संस्थाका श्रमिक त छैनन्। सरकारी कार्यालयमा पनि यो वा त्यो बहानामा सुविधा दिइँदैन। यसले श्रमिक महिलाहरू आमा बन्नै डराउने अवस्था देखिन थालेको छ।

ऐनमा सुत्केरी श्रमिक मात्र होइन, उसको शिशुको सुरक्षा र व्यवस्थापनको अधिकार पनि दिएको छ। ऐनमै सरकारी, गैरसरकारी वा निजी सङ्घसंस्थामा कार्यरत महिलालाई दुई वर्षसम्म कार्यालय समयमा आमाको दूध खुवाउनका लागि आवश्यक व्यवस्था मिलाउनुपर्नेछ भनिएको छ। कुनै गर्भवतीले मृत शिशु जन्माएमा पनि जीवित शिशु जन्माएसरहको बिदा पाउने अधिकार छ। पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा पनि सुत्केरी हुनुभन्दा पहिले वा पछि १५ दिन प्रसूति स्याहार बिदा पाउने उल्लेख छ। प्रजनन स्वास्थ्य रुग्णताका कारणले जटिल शल्यक्रिया गर्नुपर्ने भएमा शल्यक्रिया गर्नु पहिले वा पछि कम्तीमा ३० दिनको बिदा पाउने व्यवस्था छ। यस्तो बिदाबारे धेरै निजी सस्थाले बहससम्म पनि गर्दैनन्। उनीहरू काममा बाधा पुग्ने भन्दै तर्किएका छन्। यसबारे को बोल्ने ? अन्यायमा परेका आमा श्रमिकको न्यायका लागि कसले पहल गर्ने ? बहस जरुरी छ।

सुरक्षित मातृत्व तथा प्रजनन सेवा लिन पाउने हरेक महिलाको आधारभूत अधिकार हो भने सुरक्षित सेवा दिनुपर्ने राज्यको कर्तव्य हो। सुरक्षित मातृत्व महिलाको सुविधाको विषय मात्र होइन, महिला अधिकारको कुरा हो। राज्यको दायित्व पनि हो। महिलाको प्रजनन स्वास्थ्य र सुविधामा सुधार ल्याउन राज्यको भूमिका पनि महत्वपूर्ण हुन्छ। श्रमिक महिलाको प्रजनन स्वास्थ्य र सुविधामा सुधार नआए समग्र महिलाको प्रजनन स्वास्थ्य सुध्रँदैन। त्यसैले आमा बन्दाको सुरक्षाका लागि सेवा प्रवाहक संस्था पनि संवेदनशील हुनुपर्छ। श्रमिक महिलाले गर्भवती र सुत्केरी अवस्थामा पाउने सुविधा श्रमिक महिलाको अधिकार हो। सुत्केरी र गर्भवती समयमा श्रमिक महिलालाई दिने सुविधा सेवा प्रदायक संस्थाको कर्तव्य हो, दायित्वका पनि हो।

पछिल्लो समय कामकाजी महिला बढेका छन्। सरकारी कार्यालयमा भन्दा दश गुणा बढी महिला निजी, सामुदायिक र गैरसरकारी संस्थामा कार्यरत छन्। राष्टि्रय जनगणना २०७८ अनुसार अहिले पनि नेपालमा प्रतिएक लाख जीवित जन्ममा १५१ जना आमाको मृत्यु हुन्छ। यो मातृमृत्यु अहिले पनि उच्च हो। नेपालले दिगो विकासको लक्ष्य पुग्न मातृ मृत्युदर प्रतिएक लाख जीवित जन्ममा ७० भन्दा कम गर्नुपर्छ। दिगो विकासको लक्ष्यअनुरुप सन् २०३० सम्ममा यो अनुपात ७० मा झार्ने सरकारको लक्ष्य रहेको छ। यो लक्ष्य भेटाउन श्रमिक महिलाको प्रजनन स्वास्थ्य सुधारका लागि हरेक सेवा प्रदायक संस्थामा अनिवार्य सुत्केरी बिदाको व्यवस्था लागू गर्नुपर्छ। नेपालको संविधान, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन र श्रम कानुन जुनसुकै प्रावधानलाई हेरे पनि आमा श्रमिकका लागि प्रजनन अधिकारको व्यवस्था छ।

प्रजनन स्वास्थ्यलाई धेरैले अझै पनि एउटी स्वस्थ महिलाले स्वस्थ शिशु जन्माउने प्रक्रिया मात्र बुझेको पाइन्छ। शिशु जन्माउनका लागि आमा स्वस्थ हुनेदेखि शिशु स्वस्थ राख्नेसम्मको प्रक्रिया हो। महिलाले आफ्नो ज्यान जोखिममा पारेर आफ्नो सन्तान मात्र जन्माउँदिनन् देशका लागि नागरिक पनि जन्माउँछिन्। यसर्थ गर्भवती, सुत्केरी र शिशु स्याहारको कुरा श्रमिक महिला र परिवारको विषय मात्र होइन, राज्यकै अपरिहार्य विषय हो। त्यसलाई बुझाउन महिलाप्रति हेर्ने दृष्टिकोणमै परिवर्तन आवश्यक छ। प्रजनन स्वास्थ्यमा सुधार ल्याउन श्रमिक महिलाको बिदा र सुविधासम्बन्धी अधिकार कार्यान्वयन गर्नुपर्छ। प्रजनन स्वास्थ्यलाई महिलाको मात्रै विषय बनाइनु हुँदैन। देशकै मामिलाका रूपमा लिनुपर्छ। महिलाका प्रजनन स्वास्थ्यका हरेक चरणमा राज्यको भूमिका र कर्तव्य जोड्नुपर्छ। सरकारीमा जस्तै निजी, सामुदायिक र सरकारी सेवाप्रदायक संस्थामा पनि अविलम्ब सुत्केरी बिदाको अधिकार कार्यान्वयन गरिनुपर्छ। श्रमिक महिलालाई आमा बन्दा जागिर गुम्ने त्रासबाट मुक्त पारिनुपर्छ। *(लेखक पत्रकार हुनुहुन्छ)*

## आदरनिय पाठकवर्ग

यस राजविराज दैनिक पत्रिकाको २०८१ साल फागुन २ गते प्रकाशित अंक १८० को पहिलो पृष्ठमा प्रकाशित ‘तलव नपाएपछि कर्मचारीले गरे मधेश कृषि विश्वविद्यालयमा तालावन्दी’ र ‘सार्वजनिक सुनुवाईमा विटौरी जग्गा बाहकलाई लालपुर्जा दिन माग’ शिर्षकको समाचारमा कृषि विश्व विद्यालयमा तालावन्दीको तस्वीर सार्वजनिक सुनुवाईको समाचारमा र सार्वजनिक सुनुवाईको तस्वीर कृषि विश्वविद्यालयको समाचारमा त्रुटिबस छापिन गएकोले पाठकवर्ग तथा सरोकारबालासँग क्षमायाचना गर्दै आगामी दिनमा यस्ता त्रुटि प्रति सचेत रहने प्रतिवद्धता जनाउँदछौं।

**सम्पादक**

# घुम्ती शिविरबाट सात हजार बढी लाभान्वित

महोत्तरी, २ फागुन (रासस)।

मटिहानी नगर कार्यपालिकाको कार्यालयले गत माघ २३ गतेदेखि बिहीबारसम्म मटिहानीमा सञ्चालन गरेको एकीकृत घुम्ती सेवा शिविरबाट सात हजार छ सय ९६ जनाले सेवा लिएका छन्।

शिविरमा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट सम्पादन हुने सबै सेवा प्रवाह गरिएको थियो। शिविरमा सबैभन्दा बढी दुई हजार पाँच सय ८७ जनाले सेवा लिएका थिए भने दुई हजार पाँच सय ३० जनाले कृषि सेवा लिएका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्माले बताउनुभयो।

तीन वर्षयता नगर कार्यपालिकाको कार्यालयले बर्सेनि घुम्ती सेवा सञ्चालन गर्दै आएको छ। शिविरमा प्रतिनिधिसभा सदस्य तथा लोकतान्त्रिक समाजवादी पार्टीका राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर, मधेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी, प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले अनुगमन गर्नुभएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569



## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**

# 'नेपाल पर्वतीय देश भएकाले जलवायु परिवर्तनका असरले अप्ठ्यारो पारेको छ'

काठमाडौं, २ फागुन (रासस)।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले नेपाल पर्वतीय देश भएको हिसाबले जलवायु परिवर्तनका असरले अप्ठ्यारो पारिरहेकाले जलवायुजन्य चुनौती सामना गर्न तयार हुनुपर्नेमा जोड दिनुभएको छ।

शुक्रबार यस स्किम्स कलेज, पोखरा विश्वविद्यालयमा स्थापित नेपाल क्लाइमेट इनिसिएटिभद्वारा आयोजित 'पुस्तक विमोचन एवं जलवायु वित्तका लागि जलवायु विज्ञानको अपरिहार्यता' विषयक कार्यशालामा उहाँले जलवायुले निम्त्याउनसक्ने असरको समाधान गर्न तयार हुनुपर्नेमा जोड दिनुभएको हो।

"नेपाल आफैँमा विकासोन्मुख देश र पर्वतीय देश भएको हिसाबले जलवायु परिवर्तनका असरहरूले अप्ठ्यारो पारिरहेकाबारे सबैमा सर्वविदितै छ, हरितगृह ग्यास उत्सर्जनमा नगन्य भूमिका हुँदा पनि जलवायुजन्य असरका कारण पीडा भने बढी भोगिरहेको अवस्था छ", मन्त्री शाहीले भन्नुभयो, "जलवायु न्याय आज हामी जस्तो देशको टड्कारो आवश्यकता हो, उच्च हरितगृह ग्यास उत्सर्जन गर्ने देशहरूले गरेका जलवायु न्यायका प्रतिबद्धता अक्षरशः पालना गरेको खण्डमा सम्पूर्ण विश्व समुदायले जलवायु परिवर्तनका असरसँग अनुकूलित हुँदै र न्यूनीकरण गर्दै जलवायु मैत्री विकासतर्फ जान सजिलो हुने अवस्था आउनसक्छ।"

उहाँले अहिले जलवायु वित्त प्रवाहका लागि स्थापित भएका अन्तर्राष्ट्रिय कोषमा जे-जति रकम भए पनि, नेपालले यसबाट लाभ लिन नेपालले आफ्नै क्षमता अभिवृद्धि गर्न जरुरी रहेकामा जोड दिनुभएको छ। "जलवायु वित्तमार्फत आउने सहयोग प्रतिस्पर्धात्मक हुने भएकाले, यसका लागि सबै क्षेत्र तथा निकायको सहयोगमा हाम्रा परियोजना सबै हिसाबमा सशक्त हुन जरुरी छ", उहाँले भन्नुभयो।

यसका लागि जलवायु विज्ञान अर्थात् हाम्रा परियोजनामा जलवायु परिवर्तनको विश्लेषण सबैभन्दा महत्वपूर्ण हुने मन्त्री शाहीको भनाइ छ। "जलवायु वित्त प्राप्त गर्न, हामीले कुनै पनि अवस्थामा जलवायु परिवर्तनको वैज्ञानिक पुस्टयाइ गर्नुपर्ने हुन्छ, डाटाहरूलाई वैज्ञानिकता दिनुपर्ने हुन्छ, जलवायुजन्य विपद्लाई जलवायु सिर्जित हो भनेर पुष्टि गर्ने वैज्ञानिक आधार पेस गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "आज हामीसँग यी प्राविधिक विषयमा केही जानकारी भए पनि, त्यसलाई जलवायु परिवर्तनसँग सम्बन्धित परियोजना जोड्नेबारेमा अझ धेरै काम गर्नुपर्ने देखिन्छ।"

मन्त्री शाहीले यस्तो अवस्थामा विश्वविद्यालयका प्राध्यापकले जलवायु वित्तका लागि वैज्ञानिक आवश्यकतासहितको परियोजना विकास गर्न सहयोग पुऱ्याउने पुस्तक प्रकाशन गर्नु अत्यन्तै सराहनीय हुनेमा जोड दिनुभयो। विश्वविद्यालय तथा प्राज्ञिक निकायले आफ्नो नियमित पठनपाठनको जिम्मेवारी बहन गर्दै गर्दा, समग्र देशको चिन्ता लिँदै, देशमा बढीभन्दा बढी जलवायु वित्त भित्र्याउन अत्यन्त्य उपयोगी हुने जलवायु वित्तका लागि जलवायु विज्ञानको महत्वबारे पुस्तक प्रकाशन भएको उहाँको भनाइ छ।

मन्त्री शाहीले अन्तर्राष्ट्रिय जलवायु कोष जस्तै हरित जलवायु कोष, अनुकूलन कोषका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय निकायले नेपालका लागि परियोजना तयार गर्दा साथै ती परियोजनाको स्वीकृत हुन यी पुस्तक मार्गदर्शक हुने बताउनुभयो।

वन तथा वातावरण मन्त्रालयअन्तर्गतको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका डा महेश्वर ढकालले यस्ता पुस्तकले जलवायुले निम्त्याएका समस्या समाधान गर्न भावी रणनीति बनाउन सहयोग गर्ने र अभिप्रेरणाको स्रोत पनि रहेको बताउनुभयो।

जलवायुविद् मञ्जित ढकाल, नेशनल क्लाइमेट इनिसिएटिभका सहसंयोजक प्रा डा सञ्जयनाथ खनाल, स्किम कलेजका प्रिन्सिपल अजयभक्त माथेमाले प्रकाशित किताबले अन्तर्राष्ट्रियस्तरमाका कोषमा नेपालको सहज पहुँच स्थापित गर्न सहयोग पुग्ने विषयमा धारणा राख्नभएको थियो।

### पत्नीको...

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतका अनुसार २०७६ साल चैत्र ६ गते रातीको समयमा संतोषले श्रीमती गायत्रीलाई निर्घात कुटपीट गरेको भोली पल्ट उपचारको क्रममा उनको मृत्यु भएपछी संतोष फरार भएका थिए।

कर्तव्य ज्यानका संतोष र सवारी अंगभंगका आरोपी विश्वनाथ अमातलाई शुक्रवार सप्तरी जिल्ला अदालतबाट म्याद थपेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

### प्रजातन्त्र...

सहभागिता हुने अवस्था नदेखिए पछि उपस्थित मध्येबाटै छलफल गरि तीन दिवसिय कार्यक्रम गरेर प्रजातन्त्र दिवस मनाउने निर्णय गरिएको जिल्ला समन्वय समिति सप्तरीले जनाएको छ।

फागुन ६ गते नगरका धार्मिक तथा सार्वजनिक स्थलहरुको सरसफाई, फागुन ७ गते प्रभातफेरी, प्रवचन र घरघरमा दीपावली तथा फागुन ८ गते रक्तदान, फरक क्षमता भएका बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण र साँझ दीपावली गर्ने कार्यक्रम तय गरिएको जिल्ला समन्वय अधिकारी कर्णले जानकारी दिए।


मालपोत कार्यालय कन्चनपुर, सप्तरीबाट [illegible] जग्गा दर्ता सहित नामसारी

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

मिति: २०८१/१०/२७

सप्तरी जिल्ला १ नं. जोगिनियाँ वा.नं. १ हाल परिवर्तित [illegible] हनुमाननगर कङ्कालिनी न.पा. वा.नं. ४ बस्ने डम्बर लगरवार, सरयुग लगरवार र अवध नारायण लगरवार समेत ३ जनाले हाम्रो बुवा बाबुजी लगरवारको नाममा तपसील बमोजिमको जग्गा रहेकोमा बाबुजी लगरवारको मिति २०७२।६।२१ मा, निजकी एकमात्र पत्नि कमली देवी पनि मिति २०३३ सालमा मृत्यू भएको, निजहरुको अविवाहित छोरीहरु कोही नभई तीन मात्र छोराहरु हामी निवेदकहरु डम्बर लगरवार, सरयुग लगरवार र अवध नारायण लगरवार मात्र रहेकोले हाम्रो नाममा छुट जग्गा दर्ता गरी नामसारी गरी पाऊँ भन्ने व्यहोरा खुलाई यस कार्यालयमा द.नं. १६१२ मिति २०८१।६।२१ मा निवेदन मागदावी गरेकोमा निवेदकहरुको नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा दिन नमिल्ने कुनै कारण भए वा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी हुनु नपर्ने कुनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गुठी लगायत अन्य साँध सँधियारको जग्गा घुसी घुसाई नाँप जाँच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित कित्ता जग्गाहरुको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजुर/दावी गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको उजुर/दावी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ।

तपसील

| मृतक ज.ध. | ज.ध .को बाबुको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.न. | कि.न. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| बाबुजी लगरवार | | | सप्तरी | मधुवापुर | ३ | २०५ | ०-११-१ | फिल्डबूक उत्तारको कैफियत महलमा यो जग्गा पं जोगिनियाँ वार्ड नं. १ बस्ने बाबुजी लगरवारको नम्बरी हो उल्लेख रहेको। |
| | | | सप्तरी | मधुवापुर | ३ | २१० | ०-११-१५ | |

मालपोत अधिकृत
मालपोत कार्यालय,
कन्चनपुर, सप्तरी


## विश्व समाचार

### एडिडासलाई १५ हजार डलर जरिवाना

इस्तानबुल, २ फागुन (रासस/एएफपी)।

टर्कीले जर्मनीको खेल उपकरण कम्पनी एडिडासको एउटा प्रमुख जुत्ताको मोडलमा सुँगुरको छाला भएको जानकारी नदिएको भन्दै १५ हजार अमेरिकी डलरभन्दा बढी जरिवाना गरेको छ।

मुस्लिम बहुल देशको विज्ञापन नियामकले एडिडासले हालैका वर्षहरूमा मोडेल केन्डल जेनर र बेला हदीदले प्रयोग गरेको 'साम्बा ओजी' जुत्तामा सुँगुरको छाला प्रयोग भएको तर 'अन्य छाला'बाट बनाइएको भनी वर्णन गरेकोमा आलोचना गर्दै जरिवाना तोकेको हो।

एडिडासलाई लेखेको र एएफपीलाई जानकारीका लागि प्राप्त रिपोर्ट (पत्रमा) भनिएको छ, 'विज्ञापन र उत्पादन विवरणमा बहुसङ्ख्यक समाजको धार्मिक संवेदनशीलताविपरीत सामग्रीको प्रयोग स्पष्ट रूपमा उल्लेख गरिनुपर्छ। नियामकले जवाफमा पाँच लाख ५० हजार ५९ लिरा (१५ हजार २०० अमेरिकी डलर) जरिवाना लगाएको थियो। एडिडासलाई एएफपीले प्रतिक्रियाका लागि सम्पर्क गर्दा तत्काल कुनै प्रतिक्रिया दिएन। सन् २०२० मा टर्कीको प्रेसिडेन्सी अफ रिलिजियस अफेयर्सले जुत्ता वा लुगा बनाउँदा 'सुँगुरको छाला वा रौं को प्रयोग गर्न प्रतिबन्ध लगाएको थियो।

"सुँगुरको छालालाई ट्यानिङ वा यस्तै प्रक्रियाहरूद्वारा शुद्ध बनाउन सकिँदैन भन्ने लगभग सबै मुस्लिम विद्वानहरूको मत रहेको छ," विज्ञप्तिमा भनिएको छ।

### अमेरिका-रूस वार्ताअघि 'युद्ध रोक्ने' योजना बनाउँदै युक्रेनी राष्ट्रपति जेलेन्स्की

ब्रसेल्स, २ फागुन (रासस/एएफपी)।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले मस्कोसँग वार्ता सुरु गर्नुअघि रूसलाई रोक्ने संयुक्त योजनामा अमेरिका सहमत हुनुपर्ने बताउनुभएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग शान्ति वार्ता सुरु गर्ने घोषणा गरेको भोलिपल्ट नाटोका साझेदारसँगको भेटमा पेन्टागनका प्रमुख पीट हेगसेथले यसको अर्थ किएभको तीन वर्षे सङ्घर्षको प्रयासमाथि विश्वासघात भएको बताउनुभएको छ।

ट्रम्पको यो कदमले युक्रेन र युरोपेली सहयोगीहरूलाई स्तब्ध तुल्याएको छ र अमेरिकाका युरोपेली साझेदारहरूमध्ये धेरैले खुलेआम उहाँको रणनीतिमाथि प्रश्न उठाएका थिए।

ट्रम्पले आफूसँग कुरा गर्नुअघि पुटिनलाई फोन गर्नु 'सुखद नभएको' जेलेन्स्कीले शुक्रबार बताउनुभएको छ। उहाँले अमेरिकी राष्ट्रपतिले आफू दुवै नेतासँग मिलेर कुरा गर्न चाहेको बताउनुभएको पनि बताउनुभयो।

शुक्रबार म्युनिखमा अमेरिकी उपराष्ट्रपति जेडी भान्सलाई भेट्ने तयारीमा रहेका युक्रेनी नेताले कुनै पनि वार्ता हुनुअघि नै अमेरिकालाई 'पुटिनसँगको वार्ताबाट रोक्ने योजना' बनाउन चाहेको बताउनुभएको छ।

बुधबार पुटिनसँग ९० मिनेट लामो टेलिफोन वार्तापछि अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेनशान्ति वार्ताका लागि साउदी अरबमा रूसी नेतासँग भेट्ने अपेक्षा गरेको बताउनुभएको थियो।

व्यापक युरोपेली सुरक्षालाई एजेन्डामा राख्न चाहेको क्रेमलिनले वार्तामा 'कुनै न कुनै तरिकाले' किएभ सहभागी हुने तर रूसी( अमेरिकी द्विपक्षीय मार्ग पनि हुने बताएको छ।

युक्रेनका युरोपेली समर्थकहरूले किएभमा सम्झौता गर्न बाध्य पार्ने कुनै पनि कदमलाई अस्वीकार गर्नुभयो र मस्कोलाई आफ्ना सबै कार्डहरू दिन वासिङटनको स्पष्ट इच्छाको आलोचना गर्नुभयो।

जर्मनीका चान्सलर ओलाफ स्कोल्जले कुनै पनि प्रकारको 'निर्देशित शान्ति' लाई अस्वीकार गर्नुभएको छ। उहाँका रक्षामन्त्रीले वासिङटनले क्रेमलिनलाई पहिले नै 'सहुलियत' दिइरहेको कुरा 'खेदजनक' भएको बताउनुभएको थियो।

ब्रसेल्समा नेटो वार्तामा पत्रकारहरूलाई सम्बोधन गर्दै इयूका शीर्ष कूटनीतिज्ञ काजा कल्लासले वासिङटनले रूसप्रति 'तुष्टीकरण' गरेको आरोप लगाउँदै यस्तो अवस्थामा कुनै पनि सम्झौताले काम गर्न नसक्ने बताउनुभएको छ। उहाँले भन्नुभयो, "वार्ता सुरु हुनुअघि नै हामीले कुनै पनि कुरा टेबलबाट हटाउनु हुँदैन किनभने यो रूसको अनुकूल हुन जान्छ र उनीहरूले चाहेको कुरा पनि यही हो।"

कुनै पनि द्रुत समाधान गलत सम्झौता हो र यसले दीर्घकालीन शान्तिका पक्षमा काम गर्दैन," उहाँले भन्नुभयो। ट्रम्प प्रशासनले युक्रेनको सम्पूर्ण भूभाग पुनः प्राप्त गर्ने र नाटोमा सामेल हुने लक्ष्यमा तुषारापात गर्दै अघि बढेपछि यो कदम चालिएको हो।

हेगसेथले युरोपले अब युक्रेनलाई सहयोगको 'ठूलो हिस्सा' उपलब्ध गराउन थाल्नुपर्ने र अमेरिकाले कुनै पनि सम्झौताअन्तर्गत सुरक्षा प्रत्याभूतिका रूपमा सेना नपठाउने बताउनुभयो।

नेटोको बैठकमा बोल्दै अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका प्रमुखले भन्नुभयो, "त्यहाँ कुनै विश्वासघात छैन। शान्तिस्थापनाका लागि सिङ्गो विश्व र संयुक्त राज्य अमेरिकाको लगानी र चासो छ भन्ने मान्यता छ।"

यसका लागि दुवै पक्षले आफ्ना मागबाट लचक हुन आवश्यक छ। उहाँले ट्रम्पले पुटिनलाई फाइदा पुऱ्याइसकेको कुरा अस्वीकार गर्दै वार्तामा रुसी नेता र जेलेन्स्की दुवै सहभागी हुने बताउनुभयो।

युक्रेनका रक्षामन्त्री रुस्तम उमेरोभले किएभका नाटो पक्षधर अधिकारीलाई भन्नुभयो, "हामी जारी राख्छौं, हामी बलियो छौं र सक्षम छौं, हामीले समाधान दिनेछौं।"

जेलेन्स्की र भान्सबीच म्युनिखमा हुने भेटवार्ता ट्रम्पका उच्च अधिकारीका लागि युरोपका उच्चस्तरीय मुठभेडको पछिल्लो भेट हुनेछ। अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले सुरक्षा सहयोगको बदलामा युक्रेनको दुर्लभ जमिनमा वासिङटनलाई 'पहुँच प्रदान' गर्ने विषयमा बुधबार किएभमा वार्ता गरेका थिए।

# मधेश प्रदेशमा नसर्ने रोग पहिचानका लागि एकमहिने अभियान सुरु

महेन्द्रनगर (धनुषा), २ फागुन ( रासस) ।

‘समयमै नसर्ने रोगको जाँच गराऔँ, स्वस्थ र दीर्घ जीवन बचाऔँ’ भन्ने मूल नाराका साथ शुक्रवार जनकपुरधामस्थित जनस्वास्थ्य प्रयोगशालामा निःशुल्क स्वास्थ्य जाँच सुरु गरिएको छ ।

नसर्ने रोगको रोकथाम तथा सचेतनाका लागि मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंहले एकमहिने विशेष अभियान शुभारम्भ गर्नुभएको हो ।

मन्त्री सिंहले अभियान मधेश मात्र नभई सातै प्रदेशमा एकसाथ सञ्चालन भइरहेको बताउनुभयो । “रोग लागेपछि उपचार गर्नुको साटो रोग लाग्न नदिन सचेतना आवश्यक छ । यस अभियानले जनतालाई स्वास्थ्य जोखिमबारे जानकारी दिनाका साथै रोग पहिचान तथा रोकथाममा मद्दत पुग्नेछ”, उहाँले भन्नुभयो ।

स्वास्थ्य निर्देशनालयका निर्देशक श्रवणकुमार नायकले नसर्ने रोगको समयमै पहिचान गरी उपचार प्रक्रियामा सहभागी हुन आमनागरिकलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “जनतालाई प्रारम्भिक चरणमै रोग पहिचान गराई आवश्यक उपचार सेवा उपलब्ध गराउने उद्देश्यले यो अभियान सञ्चालन गरिएको हो । अभियानले नागरिकलाई नसर्ने रोगहरूबारे सचेत बनाउँदै उपचार प्रक्रियामा सहभागी गराउने छ”, नायकले भन्नुभयो ।

अभियानका क्रममा प्रदेशका विभिन्न स्थानमा स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरिनाका साथै १३६ वटै पालिकामा सञ्चालन गरी समुदायस्तरमै रोग पहिचान र रोकथामका उपायहरूबारे जनचेतना अभिवृद्धि गरिने प्रयोगशालाले जनाएको छ ।

# राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सुप्रिम बन्यो विजेता

भक्तपुर, २ फागुन (रासस) ।

मध्यपुरथिमि नगरपालिकाले सञ्चालन गरेको तेस्रो नगरस्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता( २०८१ को पहिलो दिन उसुतर्फको उपाधि मध्यपुरथिमिस्थित सुप्रिम एकेडेमीले हात पारेको छ । सानोथिमि खेल मैदानमा सञ्चालन भइहेको प्रतियोगितामा उसुतर्फ सुप्रिम एकेडेमीले ६ स्वर्ण, ४ रजत र ११ कास्य पदकसहित विजेता बनेको हो ।

चार विद्यामा ५८ वटा खेल भइरहेको प्रतियोगितामा एथ्लेष्टिक खेल सानोथिमि खेल मैदानमा, कबड्डी खेल आदर्श मावि सानोथिमिमा, भलिबल खेल बोडे मावि बोडेमा र मार्सलआर्टतर्फ कराते, तेक्वाण्डो एवं उसु आदर्श मावि लायकुमा भइरहेको छ ।

तीन दिन चल्ने प्रतियोगितामा मध्यपुरथिमि नगरभित्रका २९ विद्यालयका सात सय ६९ जना छात्रछात्राले प्रतिस्पर्धा गरिरहेका नगरपालिकाको सामाजिक विकास महाशाखा प्रमुख ज्ञानेन्द्र भट्टले जानकारी दिनुभयो ।

# ‘त्रिदेशीय विद्युत् व्यापार सम्झौता देशको समृद्धिका लागि कोसेढुङ्गा’

काठमाडौं, २ फागुन (रासस) ।

नेपाल कम्युष्टि पार्टी ( माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपालले भारत र बङ्गलादेशसँग गरेको त्रिदेशीय विद्युत् व्यापार सम्झौता कोसेढुङ्गा भएको बताउनुभएको छ ।

स्वतन्त्र उर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का पदाधिकारीहरूसँग आज भएको भेटमा उहाँले यस्तो धारणा राख्नुभएको हो । उहाँले प्रधानमन्त्रीका रुपमा आफूले भारत भ्रमण गर्दा भारतीय कमकक्षीसँग त्रिदेशीय विद्युत् व्यापारको सहमति गर्नुभएको थियो । “भारत र बङ्गलादेशसँग मैले धेरै नै मेहनत गरेर विद्युत् व्यापार सम्झौता गरेको थिएँ, यो देशको समृद्धिका लागि कोसेढुङ्गा नै हो”, उहाँले भन्नुभयो-, “हामीले जलविद्युत् उत्पादनमा गुणात्मक वृद्धि गरी भारत, चीन, बङ्गलादेशलगायतलाई देशलाई बिक्री गरेर समृद्धिको सपना पूरा गर्न सक्नेछौँ ।”

भारत हुँदै बङ्गलादेशमा विद्युत् निर्यात गर्ने र भारतलाई दश वर्षमा १० हजार मेगावट विद्युत् बिक्री गर्ने सम्झौता तथा चीनमा विद्युत् निर्यात गर्ने समझदारी कार्यान्वयन गरेर अघि बढ्नुको विकल्प नभएको उल्लेख गर्दै उहाँले यसका लागि विद्युत् उत्पादनमा ध्यान दिनुपर्ने बताउनुभयो ।

# सात महिनामा सरकारको आम्दानी ४४ र खर्च ४० प्रतिशत, विकास खर्च १९ प्रतिशतमा खुम्चियो

काठमाडौँ, २ फागुन (रासस) ।

चालु आर्थिक वर्ष २०८१/८२ को माघ मसान्तसम्ममा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार वार्षिक लक्ष्यको तुलनामा यो अवधिसम्म सरकारको आम्दानी ४४ दशमलव ८३ प्रतिशत र खर्च ४० दशमलव ५८ प्रतिशत छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रू १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बराबरको बजेट ल्याएको थियो भने रू १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो । तर आयव्यय दुवै कमजोर भएपछि सरकारले अर्धवार्षिक समीक्षामार्फत् सुरुवाती विनियोजनको तुलनामा ९० दशमलव ९९ प्रतिशत मात्रै बजेट खर्च गर्ने संशोधित अनुमान गरेको छ । अर्थात् चालु आर्थिक वर्षमा रू १६ खर्ब ९२ अर्ब ७३ करोड २५ लाख बराबर मात्रै बजेट खर्च गर्ने संशोधित अनुमान छ ।

सुरुवाती विनियोजनको तुलनामा माघ मसान्तसम्म सरकारको चालु खर्च ४५ दशमलव ८२ प्रतिशत छ । चालुगत शीर्षकमा रू ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकोमा सात महिनामा रू पाँच खर्ब २२ अर्ब ६२ करोड ५३ लाख खर्च भएको छ ।

त्यस्तै, पुँजीगत शीर्षकमा रू तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बजेट विनियोजन भएकोमा रू ६८ अर्ब ४१ करोड ५९ लाख मात्रै खर्च भएको छ । अर्थात् सुरुवाती विनियोजनको तुलनामा हालसम्मको पुँजीगत खर्च १९ दशमलव ४२ प्रतिशत हो ।

सार्वजनिक ऋणको साँवा र ब्याज तिर्नका लागि प्रयोग हुने वित्तीय व्यवस्था शीर्षकको हालसम्मको खर्च ४४ दशमलव छ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षका लागि वित्तीय व्यवस्था शीर्षकमा रू तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख बजेट रहेकोमा हालसम्म सुरुवाती विनियोजनको ४४ दशमलव ६ प्रतिशत खर्च भएको छ ।

सरकारको बजेट खर्च मात्र नभइ राजस्व सङ्कलन पनि कमजोर छ । कूल रू १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर वार्षिक राजस्व उठाउने लक्ष्य राखेको सरकारले माघ मसान्तसम्ममा रू छ खर्ब ५९ अर्ब ७३ करोड ५७ लाख राजस्व असुली गरेको छ । सात महिनाको राजस्व सङ्कलन सुरुवाती लक्ष्यको ४४ दशमलव ८३ प्रतिशत हो ।

यो अवधिमा कर राजस्व ४४ दशमलव ०५ प्रतिशत र गैरकर राजस्व ५७ दशमलव १५ प्रतिशत उठेको छ । कर राजस्वतर्फ रू १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख असुली गर्ने सरकारको लक्ष्य रहेकोमा हालसम्म रू पाँच खर्ब ६५ अर्ब ६४ करोड ३६ लाख बराबर उठेको छ । त्यस्तै, गैरकरतर्फ रू एक खर्ब ३५ अर्ब नौ करोड ३४ लाख राजस्व उठाउने वार्षिक लक्ष्य रहेकोमा माघ मसान्तसम्ममा सुरुवाती लक्ष्यको ५७ दशमलव १५ प्रतिशत अर्थात् रू ७७ अर्ब २१ करोड तीन लाख बराबर असुली भएको छ ।

चालु आर्थिक वर्षका लागि रू ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान लिन लक्ष्य राखेको सरकारले हालसम्म रू आठ अर्ब ८२ करोड ६० लाख बराबर मात्रै उठाएको छ । यो वार्षिक लक्ष्यको १६ दशमलव ८७ प्रतिशत हो ।

# महोत्तरीमा आम्दानीको आकर्षक माध्यम बन्दै सुर्तीखेती

जलेश्वर, २ फागुन (रासस) ।

कम मेहनत र लगानीमा मनग्य आम्दानी हुने भएकाले महोत्तरी गाउँपालिका-६ का किसानहरू नगदेबाली सुर्तीखेती गरेर जीवनस्तर उकास्न सफल भएका छन् ।

बर्सेनि बीउबिजन, मल र पानीको समस्याले धान उत्पादन घटेपछि स्थानीय किसान परम्परागत धानखेती छाडेर व्यावसायिक रुपम सुर्तीखेती गर्न थालेका छन् ।

सुर्तीखेतीमा रमाउनुभएका किसान रामजीवन साह मेहनत र लगानीअनुसारको धान उत्पादन नहुँदा महोत्तरी गाउँपालिका-६ धेरैजसो किसानले सुर्तीखेती गरेका बताउनुहुन्छ ।

गाउँका ४० प्रतिशत खेतबारीमा सुर्तीखेती हुने गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार उक्त वडाको ५० बिघा बढी जग्गामा सुर्तीखेती भएको छ । उक्त वडाका ५० बढी परिवार सुर्तीखेतीमा व्यस्त छन् ।

एकै वर्षको आम्दानीले तीन वर्षसम्मको लागि धान किन्न सकिने भन्दै स्थानीय किसान रामएकवाल साहले यहाँका किसान व्यावसायिक रुपमा सुर्तीखेती गर्न थालेको बताउनुभयो । उहाँका अनुसार स्थानीय बजारमा सुर्तीको गुणस्तर हेरेर एक किलोग्रामको रु एक हजारदेखि एक हजार पाँच सयसम्ममा बिक्री हुने गरेको छ ।

यहाँको सुर्ती बिडी र चुरोट बनाउन भारतका व्यापारीले किन्ने गरेका छन् । एक कट्ठा जग्गामा दुई क्विन्टलसम्म सुर्ती उत्पादन हुने र वार्षिक न्यूनतम रु दुई लाख आम्दानी गर्न सकिने भन्दै अर्का किसान मोहन मण्डलले बताउनुभयो ।

# गोतामे पत्रकारिता स्वर्णपदकबाट पत्रकार बडु सम्मानित

वीरगञ्ज (पर्सा), २ फागुन (रासस) ।

गोतामे पत्रकारिता स्वर्णपदकबाट दार्चुलाका पत्रकार मनोज बडु सम्मानित हुनुभएको छ । पत्रकार गोपालचन्द्र गौतम प्रतिष्ठान वीरगञ्जले आज यहाँ आयोजित एक कार्यक्रमबीच पत्रकार बडुलाई सम्मानित गरेको हो ।

प्रतिष्ठानले मोफसलमा सक्रिय पत्रकारिता गर्दै आइरहेका एक पत्रकारलाई बर्सेनि एक तोला सुनको स्वर्णपदकसहित सम्मान गर्दै आइरहेको छ । संविधानसभाका सदस्य अनिलकुमार रुगँटा र प्रतिष्ठानका अध्यक्ष जगदीशप्रसाद शर्माले एक कार्यक्रमबीच पदक वितरण गर्नुभएको हो ।

संविधानसभाका सदस्य रुगँटाले पत्रकारितालाई स्वच्छ र पारदर्शी बताउँदै लैजानुपर्ने बताउनुभयो । वरिष्ठ पत्रकार चन्द्र किशोरले स्वर्गीय पत्रकार गौतमले राष्ट्र र समाजप्रति निष्ठावान पत्रकारिता गर्दै आइरहेको स्मरण गर्नुभयो । “पत्रकारितालाई अझै जनताप्रति निष्ठावान हुँदै राष्ट्र र जनताको हित हुनेतर्फ अघि बढ्न जरुरी भइसकेको छ”, उहाँले भन्नुभयो ।

प्रतिष्ठानका अध्यक्ष शर्माले काठमाडौँ बाहिर बसेर पत्रकारिता क्षेत्रमा कलम चलाउँदै आइरहेका सक्रिय पत्रकारलाई स्वर्णपदक वितरण गर्दै आइरहेको जानकारी दिनुभयो ।

नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष श्याम बञ्जरा, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष ओमप्रकाश खनाललगायतले पत्रकारिताको मूल्यमान्यता र धर्मलाई कायम राख्दै पत्रकारिता गर्नुपर्ने धारणा राख्नुभयो ।

# प्रदेश स्वयंसेवक शिक्षक परिचालन गर्दै मधेस सरकार

महोत्तरी, २ फागुन (रासस) ।

मधेस प्रदेश सरकारले विद्यालय शिक्षकको अभाव सम्बोधन गर्न प्रदेश स्वयंसेवक शिक्षक परिचालन गर्ने भएको छ । माध्यमिक विद्यालयमा अङ्ग्रेजी, विज्ञान, नेपाली र गणित विषय शिक्षकको अभाव टार्न मधेस प्रदेश सरकारले तत्काल नै प्रदेश स्वयंसेवक शिक्षक परिचालन गर्ने मुख्यमन्त्री सतिशकुमार सिंहले बताउनुभयो ।

“विद्यालयमा पछिल्लो एक दशकभित्र शिक्षकको नयाँ दरबन्दी भएको छैन, यस कारणले थुप्रै सामुदायिक विद्यालय शिक्षक अभाव खेप्दैछन्”, मुख्यमन्त्री सिंहले भन्नुभयो, “यही अभाव तत्कालै पूर्ति गर्न प्रदेश सरकारले स्वयंसेवक शिक्षक परिचालन गर्ने तयारी अघि बढाएको हो ।” यो कामले विद्यालयमा विषयगत शिक्षकको कमीलाई तत्काल परिपूर्ति गर्ने विश्वास लिइएको उहाँले बताउनुभयो ।

सामुदायिक विद्यालयका शिक्षक सेवानिवृत्त हुँदै जाने र नयाँ दरबन्दी व्यवस्थापन नहुँदा यहाँको पठनपाठन नराम्ररी प्रभावित गरेको अवस्थालाई तत्काल सम्बोधन गर्न प्रदेश स्वयंसेवक शिक्षकको व्यवस्था गर्ने तयारी बढाइएको हो । यस प्रयोजनका लागि प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालयले एक सय ३२ जना स्वयंसेवक शिक्षकको दरखास्त आह्वान गरिसकेको छ । विद्यालय शिक्षालाई सवल, सुदृढ र परिणाममुखी बनाउन प्रारम्भिक पक्ष नै शिक्षक हुने हुँदा यसको अभाव सम्बोधनका लागि काम अघि बढेको प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले बताउनुभयो ।

“माध्यमिक विद्यालयमा विषय शिक्षकको अभावका कारण मधेसको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा अपेक्षित हुनसकेको छैन”, मन्त्री तिवारी भन्नुहुन्छ, “यो अभावको परिपूर्ति तत्काल गरिन प्रदेश स्वयंसेवक शिक्षकको अवधारणा ल्याइएको हो ।” यसका लागि दरखास्त आह्वान भइसकेको हुँदा चाँडै छनोट प्रक्रिया पूरा गरेर विद्यालयमा शिक्षक पठाइने तिवारीले बताउनुभयो । यस चरणमा प्रदेशका नमूना विद्यालय र शिक्षक अभाव भएका माध्यमिक विद्यालयमा प्राथमिकता निर्धारण गरेर शिक्षक पठाइने मन्त्रालयको तयारी छ ।

प्रदेश स्वयंसेवक शिक्षकको व्यवस्थाले विषयगत शिक्षक अभाव र विद्यार्थी अनुपातमा शिक्षक अभावको दुवै अवस्थाको सम्बोधन हुने मन्त्रालयको ठम्याइ छ । अहिलेको पहिलो चरणमा एसइईमा अधिकांश विद्यार्थी अनुत्तिर्ण हुने गणित, विज्ञान, अङ्ग्रेजी र नेपाली विषयका दक्ष शिक्षकको छनोट हुने मन्त्रालयले स्पष्ट पारेको छ ।

यो व्यवस्थाले सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर, सिकाइ वृद्धि र सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्ने मन्त्री तिवारीको भनाइ छ । यसक्रममा नयाँ पाठ्यक्रम र शिक्षण शैलीअनुरूप पठनपाठन गराउन सक्ने तालिम प्राप्त शिक्षक प्रतिस्पर्धाबाट छनोट हुने जनाइएको छ । यो व्यवस्थाले खास योग्यता हासिल गरे पनि रोजगारी नपाएका व्यक्तिका लागि सो अवसर पनि बन्ने मन्त्री तिवारीको भनाइ छ ।

प्रदेश स्वयंसेवक शिक्षकको व्यवस्थाले असाध्यै शिक्षक अभावको अवस्थाबाट गुज्रिरहेका विद्यालयको पठनपाठनमा यी नयाँ शिक्षक पुग्नासाथ विद्यालयको नियमित पठनपाठनमा सहजता आउने मन्त्रालयको विश्वास छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*